## महान्यायाधिवक्ताको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन

## सार संक्षेप

नेपालको संविधानको धारा १५९ को उपधारा (१) मा महान्यायाधिवक्ताले प्रत्येक वर्ष यो संविधान र संघीय कानून बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्ने व्यवस्था रहेको छ। यस प्रतिवेदनमा महान्यायाधिवक्ताले वर्षभरिमा संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण सहितको संख्या, सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, नेपाल सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनु पर्ने सुधार तथा अपराधका प्रवृत्ति सम्बन्धी विवरण उल्लेख गर्नुपर्ने संवैधानिक व्यवस्था छ ।

प्रस्तुत प्रतिवेदनमा रिट तथा मुद्दाको हकमा आर्थिक वर्ष २०८०/८१ को विवरण र कार्यालयबाट सम्पादित अन्य कार्यको हकमा २०८१ साल पौष १५ गते सम्मका विवरण, स्रोत साधनको अवस्था, भौतिक स्थिति, जनशक्तिको विवरण, कार्य सम्पादनमा देखिएका समस्या तथा सुझावहरू समेटिएका छन् । वार्षिक प्रतिवेदनको सार संक्षेप देहाय बमोजिम रहेको छ ।

### १. कानूनी राय

आर्थिक वर्ष २०८०/०८१ मा महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरुसँग ५५ वटा विषयमा कानूनी राय माग भएकोमा ४५ वटा विषयमा राय प्रदान गरिएको छ ।

### २. सरकारवादी मुद्दा तथा प्रतिरक्षा गरिएका रिट सम्बन्धी लगत

यस आर्थिक वर्षमा सरकारी वकील कार्यालयहरूबाट कूल **७०,२८४** जना प्रतिवादीहरू उपर **४५,०९१** मुद्दा अभियोजन गरिएको छ। अनुसन्धान सम्पन्न भई राय सहित प्राप्त हुन आएका मुद्दाहरू मध्ये **७.८८** प्रतिशत मुद्दा नचलाउने निर्णय भएको छ। महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयबाट अदालतमा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनको जम्मा संख्या **१,३२,५७७** मा नेपाल सरकार बादी भएका मुद्दाको संख्या **१,०९,७४०** र सरकारलाई विपक्षी बनाई दायर भएका रिटको संख्या **१८,४०६** र अन्य निवेदनको संख्या ४,४**३१** देखिन्छ । यो संख्या गत आर्थिक वर्षको भन्दा **५.३६** प्रतिशतले बढी हो । विगत पाँच आर्थिक वर्षको तथ्याङ्कलाई हेर्दा सरकारी वकीलले प्रतिनिधित्व र प्रतिरक्षा गरेको मुद्दा, रिट तथा निवदेनको संख्या **३८.३८** प्रतिशतले वृद्धि भएको छ । अभियोजन प्रक्रियालाई वैज्ञानिक प्रमाणमा आधारित बनाउन र फौजदारी न्याय प्रणालीलाई थप सुदृढ गर्न कार्यालयले विभिन्न नीतिगत सुधार गरिएको छ।इ-एटोर्नी प्रणालीको प्रभावकारी प्रयोग मार्फत फौजदारी मुद्दाको अभियोग पत्रको विद्युतीय अभिलेखिकरण र वेवसाइटमा तत्काल प्रविष्ट हुने व्यवस्था गरिएको छ।

### ३. मुद्दा, रिट निवेदन तथा अन्य निवेदनको फछ्र्यौट

सरकारी वकील कार्यालयबाट सम्बन्धित तहको अदालतमा दायर रहेका मुद्दा, रिट तथा निवेदन मध्ये **६८,९१७** थान फछ्र्यौट भएकोमा **६८.२७** प्रतिशत सफलता प्राप्त भएको अवस्था छ ।

## ४. कार्य बोझः

महान्यायधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयमा महान्यायाधिवक्ता-१, राजपत्रंकित विशिष्ट श्रेणीको नायब महान्यायाधिवक्ता-४, राजपत्रांकित प्रथम श्रेणीको सहन्यायाधिवक्ता-३८, राजपत्रांकित द्वितीय श्रेणीको उप न्यायाधिवक्ता/जिल्ला न्यायाधिवक्ता-१७४, राजपत्रांकित तृतीय श्रेणीको सहायक न्यायाधिवक्ता/ सहायक जिल्ला न्यायाधिवक्ता-३०४ गरी जम्मा ५२१ संख्यामा सरकारी वकीलको दरवन्दी रहेको छ । जसमा २८ विभिन्न पद पूर्ति हुन बाँकी रही ४९३ जना सरकारी वकील कार्यरत रहेका छन् । यस अवधिमा प्रति सरकारी वकील मुद्दाको संख्या ३०६.८९ र मुद्दामा सम्पादन गर्नुपर्ने अभियोग लेखन, अन्य निवेदन लगायतका कार्य समाबेश गरी हेर्दा प्रति सरकारी वकील कार्यबोझको संख्या ९०४.८४ हुने देखिन्छ ।

सरकारी वकीलको कूल दरबन्दी ५२१ मध्ये विभिन्न तहका ७३ जना सरकारी वकीलको दरबन्दी संवैधानिक आयोग तथा अन्य सरकारी निकायमा रहेका छन् । संक्रमणकालिन न्याय सम्बन्धी दुईवटा आयोगमा सरकारी वकीलका अस्थायी दरबन्दी रहेको हुँदा स्थायी पदपूर्ति गर्न नसकी काजमा खटाउनु परेको अवस्था छ ।

## ५. बजेट

आर्थिक वर्ष २०८०/०८१ मा नेपाल सरकारबाट महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूको लागि **रु.१,३५,७२,२३,०००।- (१ अर्ब ३५ करोड ७२ लाख २३ हजार रूपैंया)** विनियोजन भएको थियो । यो देशको कुल बजेटको ०.०७७ प्रतिशत हो । महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुमा कार्यरत सरकारी वकील र कर्मचारीहरुको तलब, भत्तामा भएको कुल खर्च **रू. ८०,९२,९६,०६० (८० करोड ९२ लाख ९६ हजार साठी रुपैंया)** र कुल मुद्दा **१,३२,५७७** को अनुपात हेर्दा प्रति मुद्दा खर्च **रू ६,१०४.३५ (६ हजार १ सय ४ रुपैंया पैंतीस पैसा)** भएको देखिन्छ ।

## ६. सरकारी वकीलबाट सम्पादित मुद्दा बाहेकका अन्य महत्वपूर्ण कार्य

यस प्रतिवेदन अवधिमा सम्पादित महत्वपूर्ण कार्य देहाय बमोजिम रहेका छन्ः

- कसूरको अनुसन्धान, अभियोजन र प्रतिरक्षालाई थप प्रभावकारी बनाउन अनुगमन तथा निरीक्षण, कार्यसम्पादन समिक्षा र क्षमता विकास सम्बन्धी क्रियाकलाप भएका छन्।
- पीडित, साक्षी एवं शंकित व्यक्तिका अधिकारको संरक्षण गर्न हेलो साक्षी, समुदायमा सरकारी वकील कार्यक्रम र पीडित तथा साक्षीलाई परामर्श दिने कार्य भएका छन्।
- मुद्दा तथा रिट निवेदनमा प्रभावकारी प्रतिरक्षा गर्न सरोकारवाला निकायसँगको समन्वय र सहकार्यलाई अभिवृद्धि गर्न विभिन्न अन्तरक्रिया तथा छलफल सम्पन्न भएका छन्।
- सरकारी वकील कार्यालयका भवन निर्माणका लागि जग्गा व्यवस्थापन, स्रोत सुनिश्चित गरिएको छ।
- सरकारी वकीलको कार्यसम्पादनमा उपयोगी विषयगत नजीर संग्रह, अनुसन्धानमुलक अध्ययन प्रतिवेदन लगायतका स्रोत सामग्रीहरू प्रकाशन गरिएको छ ।

- महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७८/०७९-२०८२/०८३) को मध्यावधि मूल्यांकन गरी कार्यान्वयनको चौंथो वर्षमा प्रवेश गरेको छ ।
- सरकारी वकीलको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन अन्तर्राष्ट्रिय स्तरमा समन्वय, सहयोग र सहकार्य गर्रिंदै आएको छ ।

## ७. विद्यमान समस्या र सुझावहरु

यस प्रतिवेदनमा सरकारी वकीलको कार्यसम्पादनसँग सम्बन्धित कानूनी, संस्थागत तथा व्यवहारिक विषयमा केन्द्रित रही देहाय बमोजिम विद्यमान विभिन्न समस्या र समस्या समाधानका सुझावहरू समेत उल्लेख गरिएको छः

- फौजदारी कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा महान्यायाधिवक्ताको संयोजकत्वमा गठित फौजदारी न्याय प्रशासन सुधार अध्ययन तथा सुझाव कार्यदल, २०८१ को प्रतिवेदनमा उल्लेख भए बमोजिम विद्यमान फौजदारी कानून र कार्यविधिमा सुधार हुनुपर्ने देखिन्छ ।यस सम्बन्धमा कानून न्याय तथा संसदीय मामिला मन्त्रालयसंगको समन्वयमा मस्यौदा निर्माणको कार्य सुरु भई सकेको छ ।
- बालन्यायको सन्दर्भमा दिशान्तरको प्रभावकारी प्रयोगका लागि कानूनमा परिमार्जन गर्नुपर्ने देखिन्छ।
- पारस्परिक कानूनी सहायता ऐन ,२०७० र नियमावली ,२०७९ बमोजिमको केन्द्रीय अधिकारी अभियोजन निकाय हुनुपर्ने अपरिहार्यता देखिएको छ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको मध्यस्थतामा राज्यको तर्फबाट सरकारी वकीलले प्रतिनिधित्व गर्न सक्ने कानूनी व्यवस्था गरी सो को लागि क्षमता विकास गरिनुपर्ने अवस्था छ ।
- सरकारी वकील बाहेकका अधिकारीबाट हुने अभियोजन सम्बन्धी कार्यमा प्रभावकारिता ल्याउन अभियोजन प्रशिक्षणलाई निरन्तरता दिनुपर्ने छ ।
- कसूरबाट पीडितलाई सहज रूपमा क्षतिपुर्ति उपलब्ध गराउने व्यवस्था हुनुपर्छ।
- सरकारी वकील बाहेकका अधिकारी वा निकायबाट समेत कानूनी राय लिने/ दिने व्यवस्था अन्त्य गरी संविधान अनुरुपको व्यवस्थालाई कार्यान्वयन गरिनुपर्दछ ।
- सरकारी निकायबाट कानून बमोजिम र कानूनको उचित प्रक्रिया पूरा नगरी निर्णय गर्ने र मुद्दासँग सम्बन्धित प्रमाण कागज प्रतिरक्षाका लागि समय मै उपलब्ध गराउनुपर्ने विषयलाई अनिवार्य गरिनु पर्दछ ।
- दण्डका सुधारात्मक व्यवस्था सम्बन्धी प्रचलित कानूनको कार्यान्वयन का साथै अनुगमन संयन्त्रको व्यवस्था हुनु पर्दछ ।
- अपराधको नविनतम् प्रवृत्ति अनुरूप अनुसन्धान अधिकारी र सरकारी वकीलको समय सापेक्ष रूपमा दक्षता अभिवृद्धि र क्षमता विकास गरिनु पर्दछ ।
- कार्यबोझको अनुपातमा सरकारी वकीलको संख्या, पर्याप्त बजेट र प्राविधिक जनशक्तिको व्यवस्थापन हुनु आवश्यक छ ।